Academic View

# नेपाली दर्शनशास्त्रको प्रस्तावना

**गोविन्दशरण उपाध्याय**
*मनोविज्ञान तथा दर्शनशास्त्र विभाग त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, काठमाडौँ, नेपाल*
**Email:** *govinda.upadhyay@trc.tu.edu.np*

---

**शोधसार**

*नेपाली चिन्तकहरूका बौद्धिक सृजना नै नेपाली दर्शन हो । यो राजनीतिक भारतका भारतीय चिन्तकहरूका दार्शनिक चिन्तनहरूभन्दा भिन्न छ । यो दर्शन मुस्लिम तथा इसाई धार्मिक, सांस्कृतिक तथा राजनीतिक आक्रमणहरूबाट सुरक्षित भएको र प्राचीनतम मौलिक सांस्कृतिक तथा सभ्यताको निरन्तरताका कारणले प्राप्त भएको हो । अत्यन्त फरक जीवनशैली रहेका विभिन्न समुदायहरूका बिचमा सहृदयी सहअस्तित्व, एकअर्काको सांस्कृतिक जीवन दर्शनको अभ्यासमा स्वतन्त्रता, सरलता, अहस्तक्षेप, साझापन, आफ्नो मौलिकपनप्रति गौरवभाव, सहिष्णुता तथा कृतज्ञता र वीरताजस्ता मौलिकगुणहरूले नेपाली दर्शनको प्रस्तावनालाई पुष्टि गर्छ । जुनसुकै बोलीमा लेखिए तापनि, आफूलाई नेपाली वा नेपाली मूलको भएकोमा गौरव गर्ने व्यक्तिले प्रकट गरेका दार्शनिक भावहरू नै नेपाली दर्शनशास्त्रका प्रस्तावना हुन् । सञ्चार तथा यातायातको सहजताले अहिलेको दार्शनिक विश्व विगतको जस्तो छैन । अन्य विषयहरूझैँ चिन्तनका तहमा पनि आयात र निर्यात दुवै तीव्रगतिमा घटित हुँदैछन् । नेपाली मौलिक चिन्तन पनि आयातित दार्शनिक चिन्तनले प्रभावित मात्र भएका छैनन् अपितु ती चिन्तनहरूले नेपालीहरूको मौलिक जीवन दर्शनमा प्रभावित पारेका छन्र् तर पनि यी प्रभावहरू नेपाली दर्शनशास्त्रको प्रस्तावनाका अंश हुँदैनन् । नेपाली दर्शनशास्त्रको प्रस्तावनामा स्वतन्त्र मौलिक नेपाली दर्शनशास्त्रको सम्भावनाको विषयवस्तु बौद्धिकस्तरमा उठान गरिएको छ ।*

---

**शब्दकुञ्जी :** *गौरवभाव, नेपाली दर्शन, वीरभाव, सहअस्तित्त्व, साझापन, स्वतन्त्रता*

## विषयप्रवेश

दर्शनशास्त्रले जीवनजगत्को समग्र अध्ययन गर्छ । विश्वभरिका विश्वविद्यालयहरूमा परम्परागत दर्शनशास्त्रअन्तर्गत तत्त्वमीमांसा, सृष्टिमीमांसा, ज्ञानमीमांसा, मूल्यमीमांसा, सौन्दर्यमीमांसा तथा तर्कमीमांसाको अध्ययन/अध्यापन गराइन्छ  तर आजभोलिको समयसन्दर्भसँगै अनेकौँ विषयहरू थपिएका छन्  । मानवमेधाको नक्साङ्कन, भविष्यको दर्शन, प्रयोगात्मक दार्शनिक विधि, व्यावहारिक नैतिकताआदि अनेकौँ नवीनतम विषयहरू दर्शनशास्त्रअन्तर्गत थपिएका छन् र पठनपाठन हुँदैछन् । दर्शनशास्त्रको अध्ययन/अध्यापनमा थपिएका धेरैजसो विषयहरू विज्ञानसँग कुम जोडेर हिड्ने प्रयासमा विकसित भएका हुन् भने धर्मदर्शनप्रतिको अभिरुचि घट्दो छ । पाश्चात्य जगत्मा भने भारतवर्षीय दार्शनिक चिन्तनहरूप्रति अभिरुचि धेरै बढेको छ । विद्वान्हरूले भारतवर्षका प्राचीन दार्शनिक चिन्तनहरू जसमा वैदिक, तान्त्रिक, बौद्ध, जैन तथा अन्य रैथाने चिन्तन प्रणालीका दार्शनिक सोच तथा तिनको प्रारूप खोज्न, बुझ्न र जान्न बडो अभिरुचि लिएका छन् । मलाई लाग्छ, नेपाली दर्शनशास्त्रको

खोज, विकास तथा विस्तारको लागि यो अत्यन्त अनुकूल समय हो । यसका लागि हामी नेपालीहरूले अग्रसरता लिनुपर्छ । यो आलेख पनि नेपाली दर्शनशास्त्रको प्रस्तावना हो, जसले नेपाली दर्शनशास्त्रको स्वतन्त्र सम्भावनाको प्रमाण जुटाउने प्रयत्न गरेको छ । अब विश्वमा लगभग तीन करोड जनसङ्ख्या भएको विशाल नेपालका चिन्तन परम्पराले भारतीय वा इन्डियन दर्शनका रूपमा भन्दा नेपाली दर्शनशास्त्रका रुपमा पहिचान प्राप्त गर्नुपर्छ । नेपाली पुर्खाहरू भारतवर्ष नामको विशाल भूगोलमा वसोवास गर्थे, जहाँ अनेकौं राष्ट्रहरू, राज्यहरू, जातजातिहरू, भाषाभाषीहरू निवास गर्थे । सन् १९४७ मा भारत अर्थात् इन्डिया नामक विशालकाय राजनैतिक एकाइका रूपमा शक्तिशाली देशको उदयसँगै भारतवर्षको पहिचान भारतीयमा रूपान्तरित भयो । यस्तो रूपान्तरणले प्राचीन भारतवर्षीय सम्पदाहरू भारतीय बन्न पुगे । नेपालीले नैपालीय भन्न सकेनन् किनभने त्यस बखतसम्म यहाँ शैक्षिक क्षमता भारतीयभन्दा निकै न्यून थियो । साँच्चिकैभन्दा आधुनिक होस् वा प्राचीन दुवै खाले शिक्षाका लागि हाम्रो देश भारतमा निर्भर थियो । प्राचीन संस्कृत शिक्षाको केन्द्र वाराणसी थियो ।

प्राचीन भारतवर्षका सबै दार्शनिक सम्पदाहरूमा भारत र नेपालको समान अधिकार छ । वेद, ब्राह्मणग्रन्थ, उपनिषद्, पुराणआदि र संस्कृत र पाली साहित्यमा छरिएर रहेका दार्शनिक चिन्तनलाई राजनीतिक पूर्वाग्रह राखेर नैपालीय वा भारतीय भन्न अन्याय हुन्छ । भारतीय विद्वान्हरूले राजनीतिक वर्चश्वका कारण सबै प्राचीन सम्पदाहरूको परिचय भारतीयका रूपमा स्थापित गर्न थालेपछि केही सचेत नेपाली विद्वानहरूले पौरस्त्य, प्राच्य, पूर्वीयजस्ता शब्दहरूलाई भारतवर्षीयको विकल्पका रूपमा प्रयोग गर्न थालेका हुन् । अब पूर्वीय, प्राच्य, पौरस्त्य जस्ता शब्दहरूको उपयुक्त प्रयोग गर्दै नेपाली शब्द नै नेपालीका लागि गौरवको विषय हुन सक्छ भन्ने प्रस्ताव यस अध्ययनमा गरिएका् छ ।

## नेपाली दर्शनशास्त्र आवश्यकता

विश्वका हरेक सभ्यताहरूको निर्माण, विस्तार तथा परिवर्तन एउटा वा एकाधिक चिन्तनहरूको जगमा भएको छ । आधारभूत चिन्तनको निर्देशनमा संस्कृति, सभ्यता, आस्था तथा मूल्यहरूको निर्माण हुन्छ । तिनै मूल्य र मान्यताका आधारमा राजनीति, अर्थनीति, नैतिकता आदि निर्धारित हुन्छन् । अनेकौं ऋषिमुनि तथा तपस्वीहरूका चिन्तनका आधारमा निर्मित भएको संस्कृति र सभ्यताको देश नेपाल हो । नेपाली जनताको दैनन्दिनी ऋषिमुनिहरूका दार्शनिक चिन्तनबाट विकसित भएका संस्कारको जरोकिलोमा निर्मित छ । तेस्तो संस्कार र जीवनशैलीलाई हामीले नेपालीपन भनेर सम्बोधन गर्छौं । हाम्रो बोलीचाली, उठबस, क्रियाकलाप, आस्था तथा विश्वासको निरीक्षण गरेर विश्वका जुनसुकै विज्ञले पनि नेपालीपन खुट्याउन सक्छ । हाम्रा विश्वास, आस्था तथा चिन्तनशैलीमा प्राचीन ऋषिमुनिहरूको चिन्तन अनुस्युत छ । अर्कोतिर प्राचीनकालदेखि नै अस्तित्त्वमा रहेका स्थानीय जीवनशैलीका प्रभावहरू चिन्तन बनेर हाम्रो जीवनशैलीमा अनुभूत हुन्छन् । दार्शनिक आँखाले मानवीय चेतनालाई बुझ्ने प्रयत्न गर्दा मानवीय चेतना निकै विविधतापूर्ण र उहापोहको अवस्थामा गुज्रिरहेको देखिन्छ । भौतिक विज्ञानको चमत्कारले धार्मिक विश्वासहरू निकै कमजोर बनाउँछन् । धार्मिक गुरूहरूले आफूले विश्वास गरेको धर्मलाई अधिकतम विज्ञानसम्मत रहेको जनसाधारणलाई विश्वास दिलाउन प्रयत्न गर्छन् । यसै सन्दर्भमा पश्चिमाहरूले विज्ञानको चमत्कारलाई उपयोग गर्दै विश्वभरिका सभ्यता, संस्कृति, चिन्तन तथा स्थापित मानकहरूलाई प्रभावित पारिरहेका छन् । शिक्षा, भाषा तथा विज्ञानको उपयोग गर्दै उनीहरूले अन्य संस्कृति र सभ्यता उपर निरन्तर प्रहार गरिरहेका छन् । यस्तो अतिक्रमण धार्मिक, आर्थिक, शैक्षिक, राजनैतिक तथा एतिहासिकतहसम्म फैलिएको छ । इन्टरनेटले विश्वलाई गाउँतहमा झारेको छ । विज्ञान तथा प्रविधिको प्रयोगमा उनीहरू अब्बल भएको कारणले प्रभाव पनि अब्बल नै नै छ । अरूको प्रभाव न्यून छ । नेपाली समाज केवल ग्राहकको भूमिकामा सीमित छ ।

पश्चिमा विश्वबाट नेपाली समाजले धेरैथोक सिकेको छ । पश्चिमा संस्कृतिबाट नेपाल धेरै विषयमा प्रभावित भएको, अनुकरण गरेको र अनुसरण गरेको देखिन्छ । अहिलको नेपाली पुस्ता परम्परा र पश्चिमा जीवनशैलीको बिचमा रुल्मुलिएको छ । समाजवाद, साम्यवाद, प्रजातन्त्र, वैज्ञानिक शिक्षा प्रणाली तथा उदारवादका नाममा नेपालीहरू निकै भ्रममा परेका छन् । अर्को शब्दमा किंकर्तव्य विमूढताको अवस्थाबाट गुज्रिरहेका छन् । अहिलेका नेपालीहरूको चिन्तन प्रणाली न पश्चिमा जस्तो छ न वैदिक ऋषिमुनिहरूले देखाएको बाटोमा निष्ठावान छ । यस्तो अवस्थामा आधुनिक विश्व समाजको परिप्रेक्ष्यमा प्राचीन तथा आधुनिक नेपालको पुनर्जागरण हुनु आवश्यक देखिन्छ । राजनीतिक, आर्थिक, शैक्षिक, पारिवारिक तथा अन्य सामाजिक तहमा समेत विचलन देखापरिरहेका छन् । यसले गर्दा नेपाली समाज निरन्तर उदासीनताको गहिरो खाडलमा भासिँदै छ । त्यसैले नेपालीका लागि निकास र स्थायी विकासको पथप्रदर्शक दार्शनिक चिन्तनको गहिरो आवश्यकता देखिएको छ । चिन्तनको विकाससँगै धेरै व्यवाहारिक समस्याहरू क्रमशः मेटिने छन् भन्नेमा विश्वास गर्न सकिन्छ । त्यसैले देश र जनताले भोगिरहेको चिन्तनगत उहापोहबाट मुक्ति दिएर स्वाभिमानी तथा भाग्यमानी नेपाली जीवनदर्शनको खोज र पहिचान अत्यन्त आवश्यक भएको छ ।

## नेपाली दर्शनशास्त्रको निरन्तरता

नेपाल राष्ट्रका प्रकल्पनाकार ने नामक वैदिक ऋषि हुन् भनिएको छ । अरू वैदिक र तान्त्रिक ऋषिहरूझैं ने ऋषिले नेपालको स्थापना कुन तिथिमितिमा गरेका थिए भन्ने ठेगान छैन तर चाणक्यले आफ्नो प्रसिद्ध पुस्तक अर्थशास्त्रमा नेपाल देशको प्रष्टसँग उल्लेख गरेको हुँदा निजको समयमा नेपाल राष्ट्रको अस्तित्त्व थियो भन्ने तथ्यमा शङ्का गर्नुपर्ने देखिन्न । धेरैजसो विद्वान्हरूले ई.पू. २००० देखि १५०० सम्मको बिचमा नेपाल अस्तित्त्वमा आएको अनुमान गरेका छन् । नेपालको निर्माण र नेपाली चिन्तनको आरम्भका बिच तुलना गर्दा चिन्तन अर्थात् सिद्धान्त पहिलो हुने विश्वव्यापी परम्परालाई स्वीकार गर्नुपर्छ । सिद्धान्त निर्माण भएको धेरै समयपछिमात्र व्यवहार निर्माण हुन्छ । नेपालका हकमा पनि नेपाली सिद्धान्तको निर्माण नेपाल राष्ट्रको निर्माणभन्दा धेरै पहिला भएको मान्न सकिन्छ । चाणक्यले राजनीतिक नेपाल राष्ट्रको उल्लेख गर्दा नेपाल भारतवर्षभित्र थियो न कि अहिलेको भारतमा । राजनीतिक राष्ट्रका रूपमा भारतभन्दा नेपालको अस्तित्त्व प्राचीन भएकाले नेपालको भूगोलभित्र विकसित भएको दर्शनलाई नेपाली दर्शन भन्नु युक्तिसङ्गत देखिन्छ । पौरस्त्य, पूर्वीय, प्राच्य शब्दहरूले चीनिया, जापानिज, कोरियाली, तिब्बतेली चिन्तन सम्पदालाई पनि समट्ने हुनाले यी शब्दहरूले नेपालको आंशिक प्रतिनिधित्व गर्छन् ।

यस सन्दर्भमा राजनीतिक नेपाल अस्तित्त्वमा आएको सम्भावित समयलाई नै नेपाली दर्शनशास्त्रको आरम्भ मान्नु उपयुक्त हुन्छ । आजभन्दा ३५०० वर्ष पुरानो नेपाली सामाजिक, सांस्कृतिक तथा वैचारिक अवस्था कस्तो थियो भन्ने कुरा केवल अनुमानित हुन्छन्, तर पनि आजको नेपाली समाजको प्रवृत्तिको विश्लेषण गरेर अध्येताहरूले तत्कालीन नेपाली चिन्तनको खाका पढ्ने प्रयत्न गरेका छन् । यस्तो प्रयत्न गर्नु अध्ययन/अध्यापनको दृष्टिकोणले उचित पनि हुन्छ किनभने अहिलेको नेपाली समाज र चिन्तन उहिलेकै चिन्तन र परम्पराको परिष्कृत स्वरूप हो । हरेक देश वा समाजको वर्तमान संस्कृति तथा सभ्यता प्राचीनताको प्राचीरमा उभिएको हुन्छ । समय र आवश्यकताले सम्वन्धित भूगोलका मानिसहरूको आनीवानी र चिन्तन प्रणालीमा परिवर्तन हुन्छ तर आधारभूत चिन्तनको त्यसमा प्रभाव रहन्छ, रूपान्तरित हुँदैन ।

आधुनिक नेपालको समकालीन परिवेशमा नेपाली दार्शनिक चिन्तनमा बाह्य पाश्चात्य दार्शनिक धाराहरूको व्यापक प्रभाव परिलक्ष्यित हुन थाल्छ । राणाकालीन नेपालमा शिक्षाको अवस्था अत्यन्त नाजुक थियो । पठनपाठनको

लागि नेपालीहरूसँग भारतीय विश्वविद्यालय, विद्यालयहरूबाहेक अर्को विकल्प थिएन । स्वाभाविक रूपमा भारतीय स्वतन्त्रता आन्दोलनका विविध वैचारिक विधाहरूले त्यहाँ अध्यनरत नेपाली विद्यार्थीहरूलाई प्रभावित पार्यो । यस्तो प्रभावले स्वतन्त्रताको आकाङ्क्षालाई घनीभूत बनायो । भारतीय स्वतन्त्रता आन्दोलनमा समाजवाद, पुँजीवाद, साम्यवाद आदिको व्यापक प्रभाव परेको थियो । समकालीन चिन्तक, सर्जक तथा राजनीतिज्ञहरूमा व्यापक परेको देखिन्छ । निश्चय नै भारतवर्षको अवधारणालाई भारत अर्थात् ब्रिटिश-इण्डियाले हत्याएपछि स्वतन्त्र नेपाली चिन्तनको आवश्यकता अनुभूत भएको हुनुपर्छ । स्वतन्त्र राष्ट्र भए पनि भारतीय घटनाहरूले नेपाल अछुतो रहन सक्दैन ।

## नेपाली दर्शनशास्त्रको उठान तथा पूर्वकार्य

प्राचीन भारतवर्षको अवधारणामा मुस्लिम-साम्राज्यले खासै फरक पारेन । मुस्लिमहरूले शासन गरे तापनि वैदिक, जैन, बौद्ध चिन्तनको निरन्तरता अवरुद्ध भएन वरू, कालान्तरमा संस्कृत साहित्य नै उर्दु र फारसीमा अनुदित भए । मुस्लिम राजाहरूले भारतवर्षको वैदिक मान्यतालाई परिवर्तन गर्न सकेनन् बरु धर्मपरिवर्तन गराएर सामाजिक, संस्कृतिक र जातीय पहिचान नै वदलिदिए । नेपालले पहिलो विदेशी (पराई) आक्रमण सन् १३२९ तिर बँगालका मुस्लिम राजा गयासुद्दीनबाट खप्नु पर्यो । गयासुद्दीनले नेपालमा आक्रमण गर्नुको कारण धनमाल लुट्नु थियो तर यो आक्रमणले पराई-धर्म र संस्कृतिले नेपालवासीलाई कसरी पशुपतिनाथ जस्तो पवित्र धार्मिकस्थललाई तुच्छ वस्तुझैं व्यवहार गर्दो रहेछ भन्ने पहिलो अनुभव गराएको हुनुपर्छ । गयासुद्दीनले धर्म-परिवर्तन गराएको सुन्नमा आएको छैन ।

अँग्रेज र पोर्चुगिजहरूले भारतवर्षमा आक्रमण गरेपछि उनीहरूले शैक्षिक-प्रभुत्वसमेत स्थापित गर्ने योजना क्रियान्वित गरे । अँग्रेजीसँगै साम्राज्यवाद पनि आकर्षित भयो । अनेकौं राष्ट्रहरूमा विभाजित भारतवर्ष इण्डियामा रूपान्तरित भयो । अंग्रेजी भाषाको विकाससँगै लगभग चार हजार वर्षसम्म अनवरत रूपमा विकसित र विस्तारित भइरहेको संस्कृतको सृजनशीलता रोकियो । नेपाली दार्शनिक चिन्तनको आरम्भ पनि संस्कृत भाषाकै जगमा भएको हो भन्ने तथ्यमा कुनै शङ्का छैन तर नेपाली दर्शनशास्त्रको विकासमा केवल संस्कृतभाषाको मात्र योगदान छ भन्नु उचित हुँदैन । नेपालमा दर्शनशास्त्रको इतिहास वि.स. ७०० तिर आचार्य प्रणतर्दनको शिलालेख भएको हुनसक्ने भनेर वीरेन्द्रप्रसाद मिश्रले आफ्नो दर्शनशास्त्र परिचय (मिश्र, २०६५, पृ. १४४) मा उल्लेख गरेका छन् भने दर्शनशास्त्रकै अङ्गका रूपमा जयपृथ्वीबहादुर सिंहको मानववाद (सन् २०२८) तथा बालकृष्ण समले लेखेको नियमित आकस्मिकता समकालीन कृति भएको समकालीन नेपाली दर्शनको रूपरेखा नामक कृतिमा गोविन्दशरण उपाध्यायले उल्लेख गरेका छन् । यद्यपि नेपाली परम्परामा धर्म र दर्शनसँगै जोडिएका छन् र नेपालमा वैदिक, शाक्त, शैव, गाणपत्य, सौर्य, वैष्णव, प्राकृत, लोकायत, किरात, जैन, बौद्ध, बोनआदि विभिन्न धार्मिक तथा दार्शनिक परम्पराहरू अविछिन्न रूपले विद्यमान छन् । सन् १९९२ को राजनीतिक परिवर्तनसँगै नेपाली चिन्तनमा पाश्चात्य दार्शनिक चिन्तनहरूको पनि ग्रहण स्वीकार्य भएको छ, जसमा द्वन्दात्मक भौतिकवादका आधारमा पूर्वीयदर्शनको ब्याख्या गर्ने प्रयत्न पनि भएको छ जसमा विष्णु प्रभात, वेदुराम भुषाल, नारायणप्रसाद आचार्य, गोपीरमण उपाध्याय, मोदनाथ प्रश्रित तथा समीर सिंहआदि रहेका छन् । यसैगरी, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, शिवगोपाल रिसाल, मुकुन्दशरण उपाध्याय, वीरेन्द्रप्रसाद मिश्र, गोविन्दशरण उपाध्याय, जगत् उपाध्याय प्रेक्षित, बालकृष्ण लुइँटेल, निर्मलमणि अधिकारी आदिले आधुनिक परिप्रेक्ष्यमा प्राचीन वैदिक दार्शनिक धाराकै पुनरुत्थानका लागि सिद्धान्तीकरणमा काम गरेका छन् ।

बौद्धदर्शनका क्षेत्रमा पनि अनेकौं नेपाली विद्वानहरूले उल्लेखनीय काम गरेका छन् । खासगरी काशीनाथ न्यौपाने, आचार्य आनन्द भन्ते, केदारमान शाक्य, नरेशमान बज्राचार्य, छिरिंग शाक्य, वील तुलाधर, हरिश्चद्रलाल सिंह, सराह लेभिन तथा त्रि.वि. एवम् लुम्विनी बौद्ध वि.वि.मा कार्यरत विद्वानहरूले यस क्षेत्रमा काम गरिरहेका छन् । नेपालको मौलिक बौद्ध दर्शनको उज्यालो पक्षलाई तिब्बतेली आँखाले बुझ्ने/बुझाउने प्रयत्न पनि भएकै छ । यस सन्दर्भमा नेपालको मौलिक दार्शनिक पक्षलाई समेटेर अगाडि बढ्नु आवश्यक देखिन्छ ।

## नेपाली चिन्तनको दार्शनिक विशिष्टता

वर्तमान नेपाली भाषा र समाजले प्राचीन संस्कृत-सभ्यताका विशिष्ट अंशहरू बोकेर ल्याएकै छ र तेही दृष्टिकोणको जगमा समकालीन नेपाली दर्शनशास्त्रको प्राचीर उभिएको छ । यो प्राचीर संस्कृत भाषिक सभ्यतामा मात्र उभिएको छैन, अन्य संस्कृतिलाई समेत समेटेर आधुनिक नेपाली दर्शनशास्त्र निर्मित भएको स्पष्ट देखिन्छ । स्थानीय भाषाहरूले संस्कृत भाषा र दर्शनलाई अँगाले जस्तै संस्कृत भाषा र दर्शनले स्थानीय भाषा र दर्शनसँग सहअस्तित्त्व कायम गरेको पनि देखिन्छ । नेपालका मौलिक तथा रैथाने भाषा, संस्कृति तथा सभ्यता जसरी सगरमाथाको टुप्पोदेखि विश्वकै सबैभन्दा गहिरो कालिगण्डकीको खोंचसम्म फैलिएको छ । आर्य, मंगोल तथा अनार्यको मानवइतिहासलाई हेर्ने हो भने नेपालका हरेक जातजाति, संस्कृति र सभ्यता (इसाई, मुस्लिम, यहुदी बाहेक) भारतवर्ष (नेपाल)का रैथाने हुन् । मिलेर वस्ने, सहकार्य गर्ने र मिलेर काम गर्ने नेपालीहरूको सामाजिक चरित्रबाट नेपालीले वैचारिकता प्राप्त गरेको हो । वर्तमान नेपालीहरूको सामाजिक तथा व्यक्तिगत चिन्तन पनि यसै प्रकारको अनुभव गर्न सकिन्छ । गाउँ होस् वा सहर नेपाली जातिहरू एकआपसमा मिलेर हुर्किएका छन् । काम गर्दा पर्म गर्ने र पर्म गर्दा एकआपसका मिलेर गर्ने चलन हटेको छैन । यद्यपि व्यक्तिगत सुख र नाफाखोरीको चिन्तन बढेको छ ।

नेपाली समाजको बनावटझैं नेपाली दर्शनशास्त्रका केही मौलिक प्रारूपहरू पनि रहेका छन् । यी प्रारूपहरूलाई निम्न शीर्षकहरूमा विभाजित गरेर व्यबस्थित अध्ययन गर्न सकिन्छ भन्ने लेखकीय अभिमत रहेको छ । उपर्युक्त तर्कलाई स्थापित गर्ने केही बुँदाहरू यहाँ प्रस्तावित गरिएको छ, जुन भारतीय दर्शनशास्त्र भन्दा फरक छन् ।

**सहअस्तित्व** - नेपालीहरूको चिन्तनको विशिष्टता अनेकतामा एकता र एकतामा अनेकताले ओतप्रोत छ । नेपालभित्र बसोवास गर्ने कुनै पनि निवासीले विगतका ३५ सयवर्षमा सांस्कृतिक वा धार्मिक मतभिन्नताका कारणले सङ्घर्ष गरेको इतिहास छैन । यस अर्थमा नेपाली समाज, संस्कृति तथा मानसिकता सहअस्तित्त्वको चिन्तनको जगमा खडा भएको छ । काठमाडौँ उपत्यका लगायत देशका विभिन्न भागहरूमा हिन्दू, जैन, बौद्ध र प्रकृति पूजकहरूका साझा पूजास्थलहरू छन् । जहाँ सम्बन्धित समुदायका व्यक्तिले स्वतन्त्रतापूर्वक पूजाआजा गर्दा कुनै प्रकारको विभेद हुँदैन । नेपालका धेरैजसो शक्तिस्थलहरूमा हिन्दू वा बौद्धले साझा आराधना गर्छन् । यस्तो सहअस्तित्त्वको चेतनाने प्राचीन संस्कृत उखान वसुधैव कुटुम्वकम्लाई व्यावहारिक प्रतिनिधित्व गरेको भन्न मिल्छ ।

**स्वतन्त्रता** - नेपालीपनको दोस्रो महत्त्वपूर्ण विधा स्वतन्त्रताको चेतना हो । उदाहरणका लागि वैदिक समाजमा महिलाहरूले घुम्टो ओड्ने चलन अवश्य थिएन । नेपालको पहाडी, मध्यपहाडी र हिमाली भेकमा घुम्टोको चलन छैन । दुर्गमताका कारण पहाडी र हिमाली क्षेत्रका निवासीहरूले मुगल तथा अंग्रेजहरूको परतन्त्रता सहनु परेन । यसले नेपालीहरूलाई स्वतन्त्रताको संवाहक बनायो । यसै स्वतन्त्रताको चेतनासँग जोडिएर यहाँको संस्कृति र सभ्यताको विकास भएको हो । उदाहरणका लागि विवाहका वखत विश्वकर्मालाई फेटा बाँधिदिने, मन्दिरहरूमा

दलित वा जनजातिका पुजारीहरू स्वीकार्य हुने, एकै मन्दिरमा दूई वा तीन धर्मका पुजारीहरूले सहआराधना गर्नेजस्ता समावेशीसहितका चालचलनहरू नेपालीहरूको स्वतन्त्र चेतनाका कारणले विकसित भएका हुन् ।

**सरलता र अहस्तक्षेप** : सरलता र अहस्तक्षेप फरक अर्थ लाग्ने शब्द हुन् तर नेपालीहरू स्वतन्त्र तथा शालीन भएकाले सरल र निरपेक्षी पनि छन् । धार्मिक तथा सांस्कृतिक परतन्त्रताको पीडादायी अनुभव नभएको नेपाली चिन्तनले हरेक चिन्तनहरूलाई आफ्नै सापेक्षतामा बुझ्ने र आफ्नै छिमेकीको विचारसरह त्यसलाई आत्मसात गर्ने गर्छ । उदाहरणका लागि नेपालीहरूको विचारलाई जर्मनीबाट विश्वभरि फैलिएको साम्यवादी चिन्तनले यतिविध्न प्रभावित पारेको छ कि नेपालका ६५% जनताहरूले प्रगतिशील भनिने साम्यवादी चिन्तनमा आधारित राजनीतिक दलहरूलाई भोट दिए । त्यस्तै धर्मपरिवर्तनका लागि योजनाबद्ध आएको इसाई-मिसनहरूको भनाइमा विश्वास गर्दै नेपाली समाजले इसाई-धर्म, संस्कृति स्वीकार गरिरहेको छ तैपनि नेपाली समाज यी सबै विषयहरूमा निरपेक्ष छ । कसले कुन धर्म स्वीकार गर्छ, कस्तो सांस्कृतिक जीवन जिउँछ, र कुन् राजनीतिक चिन्तनधारासँग जोडिएर काम गर्छ भन्ने विषयमा नेपालीहरू निकै निरपेक्ष छन् । यस्तो निरपेक्षता नै अहस्तक्षेपकारी चेतना हो । यसरी सरलता र अहस्तक्षेपी चेतना नेपाली चिन्तनशैली हो भन्न मिल्छ ।

साझापन : नेपालीहरूको अर्को चिन्तनगत विशेषता साझापन हो । नेपालका धेरै मन्दिरहरू साझा छन् । चाडवाडहरू साझा छन् । सांस्कृतिक तथा सामाजिक चालचलनहरू पनि साझा छन् । कसरी मनकामना र मुक्तिनाथ मन्दिरहरूमा फरक-फरक धर्मका मान्छेले साझा स्वामित्व लिएको विषय विशेष महत्त्वको छ । अंग्रेजहरूको व्यक्तिवादी चिन्तन तथा संस्कृति स्थापित छ । मुस्लिम र अङ्ग्रेज दुवैको धार्मिक चेतना साझापनको कट्टर विरोधी रहेको हुन्छ । दुबै सम्प्रदाय एकेश्वरवादी, एक धर्मवादी, एक पवित्रपुस्तकवादी तथा प्राकृतिक रूपले नै आफ्नो धार्मिक तथा सामाजिक जीवनशैलीमा अनेकतावाद अस्वीकार गर्ने चिन्तनशैलीमा अभ्यस्त हुन्छन् । लमो समयको परतन्त्रताले गर्दा भारतीय समाजले पनि सम्पूर्ण विश्व सबैको साझा हो र यहाँ जे-जति विविधता छन् ती सबै ब्रह्मकै अनेकता हो भन्ने व्यावहारिक जीवनशैली गुमाएका छन् । नेपाली चिन्तनमा साझापन आजका मितिसम्म बलियो गरी बसेको छ । यद्यपि लामो समयसम्म जहानिया शासन र त्यसपछिको उग्रअनुशरणवादले नेपालीहरूको जीवनशैलीबाट साझापन क्रमशः लोपोन्मुख हुँदैछ । मान्छेहरू व्यक्तिवादप्रति तीव्रतर रूपमा आकर्षित हुँदैछन् । राजनीति, शिक्षा तथा वैदेशिक रोजगारले मान्छेको बृहद्-सोचलाई साँगुरो बनाएको छ ।

**गौरवभाव** : नेपाली चिन्तनशैलीको छैठौँ विशेषता भनेको गौरवभाव वा विजयीभाव पनि हो । कुनै पनि नेपालीले भिक्षा मांगेर जीवनयापन (सन्यासी वा अन्य धार्मिक वा सांस्कृतिक चलन बाहेक) गर्न चाहन्न । आफ्नै पाखुरा चलाएर आफ्नो र आफ्ना परिवारको भरणपोषण गर्न चाहन्छ । नेपाली जाति विश्वमा आफ्नै पौरखमा रमाउने जातिका रूपमा प्रसिद्ध छ । यस्तो सोचको परतन्त्रताको पीडा खप्नेहरूले गुमाएका हुन्छन् । गोरखाहरू विजेता तथा इमान्दार हुन्छन् भन्ने नेपाली पहिचान गौरवभाव र विजयिभावको उदाहरण हो । अंग्रेजी शिक्षानीतिले मान्छेलाई नोकरमा रूपान्तरित गर्दै “नोकरी”का लागि प्रोत्साहित गर्छ । नेपालको वर्तमान राजनीतिक तथा शैक्षिक नीतिले मालिकहरू उत्पादन गर्न सक्दैन । यो शिक्षानीतिभित्र दीक्षित कुनै मान्छे मालिक बन्नु भनेको काकताली नै मान्नुपर्छ । विजयीभाव र आत्मगौरवको चेतनाबाट भरिपूर्ण नेपालीपनले विश्वलाई धेरैथोक दिन सक्छ ।

**सहिष्णुता** - नेपाली दार्शनिक चिन्तनमध्ये एक सहिष्णुता हो । सहिष्णुता एकप्रकारको मानसिक चिन्तन हो जसले आफूभन्दा फरकलाई सम्मान गर्छ । उदाहरणका लागि भृकुटी जन्मले हिन्दु थिइन् तर उनको विवाह बौद्धसँग भयो । यस घटनालाई न भृकुटीका माइतीले त्यसको निन्दा गरे न भृकुटीको परिवारले नै हिन्दुप्रति

शत्रुतापूर्ण सम्वन्ध राख्यो । मानदेव, अंशुवर्मा तथा राजा पृथ्वीनारायण शाहले समेत उपत्यकाउपर विजयप्राप्त गरे पनि धार्मिक संस्कार तथा बहुलताप्रति कुनै प्रतिबन्ध आदि लगाएनन्  बरु, शाक्य कुमारीको आराधना गरे धेरै ठाउँमा हिन्दू देवीदेवताहरू र बौद्ध देवीदेवताहरूको संयुक्त मूर्ति छन् । पशुपतिनाथ, मुक्तिनाथ, बुढानीलकण्ठ आदि अनेकौं मठमन्दिरहरूमा सह-आराधना गरिन्छ  तर तिब्बती बौद्ध सम्प्रदायका बौद्धहरूको जनसंख्या वृद्धिसंगै नेपाली समाजमा स्थापित यस्तो सहिष्णुता न्यून हुँदैछ ।

**कृतज्ञता** - नेपाली जीवनधाराको अर्को महत्त्वपूर्ण अवयव कृतज्ञता व्यक्त गर्ने परम्परा हो । उदाहरणका लागि एउटा नेपालीले निर्जीव मोटर किनेर ल्याए पनि आफ्नो परम्पराअनुसार त्यसमा सवारी गर्नु अगाडि विधिपूर्वक पूजाआज्ञा गर्छ । त्यसपछि हरेक वर्ष दशैंको अष्टमीका दिन पनि पुनः पूजा गर्छ । पश्चिमा वा आफूलाई आधुनिक ठान्नेहरूका लागि यस्तो काम अन्धविश्वास लागे पनि आफूले प्रयोग गर्ने/आफ्नो जीवनलाई सरल र सहज बनाउने हरेक वस्तुप्रति प्रयोग गरिसकेपछि र गरिरहेको अवस्थामा कृतज्ञता प्रकट गर्नुले ती वस्तुले दिएको सेवाप्रति सम्मान व्यक्त गर्नु हो । जनैधारीहरूलाई थाहा छ, जनै धारण गर्ने र गच्छ सूत्र यथासुखम् अर्थात् हे जनै ! अब तिमी स्वतन्त्र छौं, जहाँ मन लाग्छ जाऊँ भन्दै पुरानो भएपछि सेलाउने वेलामा मन्त्र पढिन्छ । आफ्नो सेवा गरेर जातित्त्व रक्षा गरेको जनैप्रति कृतज्ञता व्यक्त गरिएको हो । घरको जग खन्दा होस् वा गृहप्रवेश गर्दा होस्, मान्छेको डाह संस्कार गर्ने वेला होस् वा जन्मदा अधिकांश हामी कृतज्ञता व्यक्त गरिरहेका हुन्छौं । यो कामप्रतिको उच्चतर सम्मान वा कर्मप्रधानता पनि हो । यस्तो कृतज्ञता व्यक्त गर्ने चलन नेपालका हरेकजसो जातजातिमा भावनात्मक रूपमा विद्यमान छ । यसका आधारमा हामीले भन्न सक्छौं - नेपाली दर्शनशास्त्रको एउटा अभिन्न प्रारूप कृतज्ञता पनि हो ।

नेपाली दर्शनको विकासमा सबैभन्दा बढी प्रभाव वैदिक-चिन्तनकै परेको छ । परमतत्त्व अर्थात् ईश्वरको अस्तित्त्वमा विश्वास गर्नु, आत्मको अमरतामा विश्वास गर्नु, पुनर्जन्ममा आस्था राख्नु, स्वर्ग-नर्कमा विश्वास राख्नु, कर्म र भाग्यमा आस्था राख्नु, आशावाद तथा निराशावाद्, सृष्टिवाद, संस्कारवाद र मोक्षमा विश्वास गर्नु नेपाली दर्शन र भारतेली दर्शनशास्त्रका साझा विशेषता हुन् । एउटा दर्शनको विद्यार्थीको रूपमा नेपाली दर्शनशास्त्र र भारतेली दर्शनशास्त्रका बिचमा भिन्नता खोज्नु सजिलो छैन । नेपाल तथा भारतका संस्कृति तथा सभ्यता साझा भएकोले धेरै तहमा समानता छ तर उपर्युक्त दार्शनिक विशिष्टताहरू नेपाली चिन्तनशैलीमा मात्र छाएका छन् र न्यूनाधिकरूपले नेपाली समाजले तिनको व्यवहार पनि गरिरहेको छ ।

## उपसंहार

सन् १९४९ देखि नेपाल र नेपालीहरू विश्वका विभिन्न भागमा विकसित भएका दार्शनिक र राजनीतिक चिन्तनको परीक्षण गर्ने प्रयोगशालाका रूपमा रूपान्तरित भएको छ । नेपालका मौलिक चिन्तनहरू उपेक्षामा परेका छन् । पश्चिमाहरू विज्ञान, चिन्तन, प्रविधि, आर्थिकस्तरमा बलिया छन् । हाम्रो राजनीतिक तथा शैक्षिक नेतृत्व उनीहरूको जस्तो बलियो बन्न उनीहरूकै चिन्तनशैली, शिक्षणशैली र राजनीति अपनाउनुपर्छ भन्ने मूढ़तापूर्ण सिद्धान्तको अनुयायी बनेको छ । स्वयं पश्चिमाहरू पनि आफ्नोजस्तै राजनीतिक, धार्मिक, सामाजिक तथा आर्थिक नीतिहरू थोपर्न सक्रिय छन् । विदेशबाट आयात गरिएका साम्यवाद, समाजवाद, गणतन्त्र, प्रजातन्त्रआदि राजनीतिक प्रयोगहरू विश्वका अधिकांश देशहरूमा असफल हुँदा पनि हामी सचेत हुन सकेका छैनौं । हामी आफ्नै इतिहास, संस्कृति तथा जीवन-जगतमा रहेका दार्शनिक तत्त्वहरूलाई अङ्गिकार गर्न सकिरहेका छैनौं ।

अहिलेको परिवेशमा वैश्विक विचारहरू र तिनको प्रभावलाई नकार्न सकिन्न तर तिनको अन्ध अनुसरण गर्ने परिपाटीको अन्त्य हुनुपर्छ । चारैतिरबाट असल विचार र व्यवहार ग्रहण गर्नुपर्छ तर आफ्ना पक्षहरूलाई उपेक्षा गर्न हुँदैन । यदि हामीले उनीहरूबाट सिकेका छौँ भने उनीहरूलाई पनि हामीले सिकाउनुपर्छ भन्ने विजयीभाव राख्नुपर्छ । हामी सँगै रहौँ, सहभोजन गरौँ, सहकार्य गरौँ, विश्वभरिका मान्छेले आफ्नो देशकाल परिवेशअनुसार आ-आफ्नो व्यवहार गरून् र विश्वको कुनै मान्छे पनि दुखी नहोस् र हरेक मान्छेले विश्वलाई आफ्नै परिवार ठानोस् भन्ने उदार दार्शनिक चेतना हाम्रो मौलिक विशिष्टता हो भने हामीले यी तत्थ्यहरू विश्वलाई सिकाउन सकिन्छ भन्ने गौरवभावबाट उत्प्रेरित हुनुपर्छ । हामी कठमुल्लावादी चेतनाले होइन, आत्मगौरवको चेतनाबाट सञ्चालित हुनुपर्छ । यस्तो चेतनाको स्रोत र केन्द्र नेपाली दर्शनशास्त्रले आफ्नो इतिहासबाट सङ्ग्रह गर्दै हाम्रो पुस्तासम्म ल्याएको छ । अब नेपाली विद्वानहरूले आजको वैश्विक परिवेशसँग मिल्ने गरी नेपाल र विश्वका हरेक राष्ट्रहरू समक्ष नेपाली दार्शनिक चिन्तनको प्रयोग गर्नेतिर ध्यान दिनुपर्छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, निर्मलमणि, गोविन्दशरण उपाध्याय (२०७४), *राज्यराष्ट्र अवधारणा र सिद्धान्त,* भक्तपुर : सहृदयता समाज नेपाल ।

आचार्य, नारायणप्रसाद (२०७३), *पौरस्त्य दर्शनमा भौतिकवाद,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

उपाध्याय, गोपीरमण (२०७०), *प्राकृतिक भौतिकवाद,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

उपाध्याय, गोविन्दशरण, https://nepaliphilosopher.blogspot.com आलेखहरू

उपाध्याय, गोविन्दशरण (२०६४), *परिचयात्मक आर्यदर्शन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, गोविन्दशरण (२०६४), *परिचयात्मक पाश्चात्यदर्शन,* काठमाडौँ : पैरवी बुक हाउस ।

किथ, ए.बी. (अनु. १९२६), *वैदिक धर्म और दर्शन,* पटना : मोतिलाल बनारसी दास ।

कौटिल्य, (सन् १९२२), *अर्थशास्त्र* मुम्बई : बेंकटेश प्रेस ।

प्रेक्षित, जगत् उपाध्याय (२०७९), *नेपाली दर्शन,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

प्रभात, विष्णु (२०६८) *समाज संस्कृति र नैतिकता,* काठमाडौँ : कल्पवृक्ष प्रकाशन ।

प्रभात, विष्णु दिनेशराज पन्त (२०६९-२०७५), *दर्शनावली,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

प्रभात, विष्णु प्रभात(२०७०), *गोविन्द भट्टका दार्शनिक रचनाहरू,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

भूषाल, वेदुराम( २०६८), *नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

मिश्र, वीरेन्द्रप्रसाद, (२०६५) *दर्शनशास्त्र परिचय,* काठमाडौँ : नेपाल च्यारिटी फाउन्डेसन

शर्मा, गुरागाई (२०६९) *नेपालका दार्शनिकहरू,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

सक्सेना लक्ष्मी (सम्पां) (सन् १९७४), *समकालीन भारतीय दर्शन,* लखनऊ : हिन्दी ग्रन्थ अकादमी ।

सर्वपल्ली, राधाकृष्णन् (सन् १९५१), *भारतीय दर्शन,* लण्डन : अलिन एंड अलिन ।

हिरियन्ना, मसिहा (१९७८), *आउटलाइन्स अफ इण्डियन फिलोसफी,* पटना : मोतिलाल वनारसीदास ।

स्वामी सुब्रहमान्यम् (सन् १९९९), *आइडियोलोजी अफ इण्डियन मोडर्न राइट्स* ।

*ऋग्वेद*

*श्रीमद्‌भगवत-गीता*

*श्रीमद्‌भागवत महापुराण*

*चाणक्य नीति*

*उपनिषद सङ्ग्रह, गीताप्रेस, गोरखपुर*